मिति २०७५/१२/२८ गते जिल्ला अर्घाखाँची मालारानी गाउँपालिका वडा नं. ३ खनदह स्थित मालारानी गाउँपालिकाको सभाकक्षमा समुदायमा सरकारी कवील कार्यक्रम संचालन भएको र उक्त कार्यक्रममा गाउँपालिकाका अध्यक्ष श्री बालाकृष्ण आचार्य, उपाध्यक्ष श्री प्रमिला क्षेत्री, वडा अध्यक्षहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, कानून व्यवसायीहरु, राजनितिक दलका प्रतिनिधिहरु, समाजसेवी, नागरिक समाजका अगुवाहरु, महिला वर्ग, पत्रकारहरु, शिक्षक तथा विद्यार्थीहरु लागएतको उपस्थिति रहेको सो कार्यक्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, कानुनी सहायता समितिका सचिव अधिवक्ताहरु र पत्रकारहरु समेतले आ-आफ्नो धारणा राख्नु भएको थियो ।

उक्त कार्यक्रममा जिल्ला सकरकारी वकील कार्यालयको तर्फबाट सहायक जिल्ला न्यायाधिवक्ता श्री हरिप्रसाद घिमिरेले सरकारी वकील तथा सरकारी वकील कार्यालयको परिचय, भुमिका, फौजदारी न्याय प्रक्रियामा समुदाय र सरकारी वकीलको भुमिका र वर्तमान कानुनमा भएका नयाँ व्यस्थाहरु सम्बन्धी विस्तृत जानकारी गराउनुको भएको थियो । उक्त कार्यक्रको संचालन खरिदार सुनिता खनालले गर्नु भएको थियो । सो कार्यक्रममा उठेका जिज्ञासाहरुलाई सहायक जिल्ला न्यायाधिवक्ता श्री हरिप्रसाद हरिप्रसाद घिमिरेले संबोधन गर्दै आगामी दिनहरुमा यस्ता कार्यक्रम गर्ने प्रतिवद्दता गर्दै कार्यक्रम सम्पन्न भएको थियो ।